"समृद्ध पैयूँको आधारः कृषि, प्रविधि र पूर्वाधार"

# उपाध्यक्ष याम कुमारी रानाज्यूले पैयूँ गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनमा प्रस्तुत गर्नुभएको आ.व. २०८२/८३ आय-व्यय सहितको बजेट वक्तव्य

गाउँसभाको सचिवालय

पैयूँ गाउँपालिका,पर्वत गण्डकी प्रदेश,नेपाल

असार ९,२०८२

# बजेट बक्तव्य

आदरणीय सभाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु

१ पैयूँ गाउँपालिकाको गरिमामय गाउँसभाको १६औं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु।

२ गाँउ सभाको १६ औं अधिवेशनका सभाअध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु, गाउँसभा सचिवालयका सचिवज्यू, राष्ट्र सेवक कर्मचारीहरु र पत्रकार मित्रहरु, सबैमा मेरो हार्दिक नमस्कार एवम् अभिवादन व्यक्त गर्दछु।

**सभा सदस्यज्यूहरु,**

३ नेपालको संविधानले परिकल्पना गरे अनुसार स्थापना भएका संघ, प्रदेश र स्थानीय तहको राज्य संरचनामा जनप्रतिनिधिहरुको प्रतिनिधित्व हुने व्यवस्था भए बमोजिम स्थानीय तहको दोस्रो आवधिक निर्वाचन २०७९ बाट उपाध्यक्ष पदको नेतृत्व सम्हाली आजको यस १६ औं गाउँसभालाई सम्बोधन गर्न पांउदा म गौरवान्वित छु। यो अमुल्य अवसर दिनुहुने सम्पूर्ण पैयूँवासी नागरिकहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

४ यस अवसरमा नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका आन्दोलन लगायत बलिदानीपूर्ण संर्घषमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतन्त्र प्राप्तिका लागि विभिन्न चरणका आन्दोलनका क्रममा बेपत्ता भएका नागरिक, घाईते योद्धा र पिडितहरुप्रति उच्च सम्मान साथ घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु। यसै गरी राष्ट्रियता,लोकतन्त्र, गणतन्त्र र जनजीविकाको सवालमा नागरिक आन्दोलनको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुको योगदानको स्मरण गर्दै त्यसको मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छु ।

**सभा सदस्यज्यूहरु,**

५ दोस्रो आवधिक निर्वाचनबाट स्थानीय तहमा निर्वाचित भई कार्यभार सम्हालेको तीन वर्षको अवधि पुरा भएको छ। यस निर्वाचनमा निर्वाचित भएसँगै अनुभवीहरुको अनुभव र उर्जाशिल जनप्रतिनिधिहरुको विकास प्रतिको तिब्र इच्छाशक्तिको समिश्रणबाट "समृद्ध पैयूँको आधार; कृषि, प्रविधि र पूर्वाधार" भन्ने मुल नारालाई पैयूँको समृद्धिको खाकामा रुपान्तरण गरी आफ्नो श्रोत साधन र क्षमताले भ्याए सम्म नागरिकमैत्री सरकारको रुपमा स्थापित भएको देख्न आम नागरिकहरुको अपेक्षा रहेको छ। उक्त अपेक्षालाई कार्यन्वयन गर्न उपलब्ध सीमित स्रोत र साधनहरुको उच्चतम उपयोग गरी कुशल परिचालनबाट न्यायोचित वितरण र संविधान प्रदत्त अधिकारहरुको प्रभावकारी कार्यान्वयनबाट स्थानीय सरकारको अनुभुति दिने उद्देश्यले यस वर्षको बजेट, नीति तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन पैयूँ गाँउपालिकाले सर्वपक्षिय भेला राखी सुझाव संकलन गरेको छ। गाँउपालिकाका सबै वडाका वडा स्तरीय भेलाबाट प्राप्त सुझावहरु, गाउँपालिकाका विभिन्न विषयगत समितिका सुझावहरु र विभिन्न शाखाबाट प्राप्त भएका कार्यक्रम र सुझावहरु ग्रहण गरी समावेसी, समता, समानताको आधारमा स्थानीय सरकारको सबै नागरिकहरुलाई आभाष हुने गरी आगामि आर्थिक बर्ष ८२/८३ को कार्यक्रमहरु ल्याउन जोड दिइएको छ ।

**सभाध्यक्षज्यू,**

**अब म चालु आर्थिक बर्षको मुख्य मुख्य उपलब्धीहरु र संशोधित बजेट संक्षेपमा प्रस्तुत गर्दछु।**

६ पैयूँ गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ मा आन्तरिक आय तर्फ ५७ लाख ५० हजार अनुमान गरिएकोमा हाल सम्म रु.५० लाख ४६ हजार ४ सय ७३ रुपैयाँ संकलन भएको छ जुन अनुमानको ८७.७६ प्रतिशत हुन आउछ ।

७ चालु आर्थिक वर्ष ०८१/८२ का लागि रु.४१ करोड २ लाख ४० हजार ८ सय विनियोजन भएकोमा हाल रु.४१ करोड ५ लाख ३२ हजार ८ सय कायम

भएको छ। जस मध्ये हाल सम्म २६ करोड ७ लाख २५ हजार ७ सय ४० मात्र खर्च भएको छ जुन विनियोजनको ६३.५ प्रतिशत हो।

८ पैयूँ गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ मा आर्थिक विकास तर्फ २ करोड ७५ लाख ९५ हजार रुपैयाँ विनियोजन भएकोमा रु.१ करोड ४३ लाख ७९ हजार ५७ रुपैयाँ खर्च भएको छ जुन विनियोजनको ५२.११ प्रतिशत हुन आउछ।

९ पैयूँ गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ मा सामाजिक विकास तर्फ रु.२३ करोड १२ लाख ५३ हजार ८ सय रुपैयाँ विनियोजन भएकोमा रु.१६ करोड ५३ लाख ७७ हजार ७ सय ६१ खर्च भएको छ जुन विनियोजनको ७१.५१ प्रतिशत हुन आउछ।

१० पैयूँ गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ मा पूर्वाधार विकास तर्फ ७ करोड ५७ लाख ८४ हजार विनियोजन भएकोमा रु.२ करोड ९ लाख ६५ हजार ५ सय २८ रुपैयाँ खर्च भएको छ जुन विनियोजनको २७.६६ प्रतिशत हुन आउछ।

११ पैयूँ गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ मा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ ६ करोड ७३ लाख ५० हजार रुपैयाँ विनियोजन भएकोमा रु.५ करोड ५४ लाख ०७ हजार २ सय ३९ खर्च भएको छ जुन विनियोजनको ८२.२७ प्रतिशत हुन आउछ।

१२ सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रको लागि रु.८५ लाख ५० हजार विनियोजन भएकोमा ४५ लाख ९६ हजार १ सय ५३ रुपैयाँ मात्र खर्च भएको छ जुन विनियोजनको ५३.७६ प्रतिशत हुन आउँछ।

**सभाध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका आधारहरु, दीर्घकालीन सोच,लक्ष्य र उद्देश्य प्रस्तुत गर्दछु ।**

१३ नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, स्थानीय तहको वार्षिक योजना

तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन,सर्वपक्षीय सुझावलाई समेत आधार लिएको छु।

१४ **"समृद्ध पैयूँको आधार; कृषि, प्रविधि र पूर्वाधार"** दीर्घकालीन सोच राखी दिगो, एकीकृत र सन्तुलित विकासका माध्यमबाट स्थानीय जनताहरुको जीवनस्तरमा सुधार ल्याउने आर्थिक वर्ष २०८२/०८३ को बजेटको लक्ष्य रहेको छ।

१५ शिक्षा र स्वास्थ्यको गुणस्तर वृद्धि गर्नु, दिगो पूर्वाधारको निर्माण गर्नु, रोजगारीको अवसर सिर्जना गर्नु, आधुनिकीकरण सहितको कृषि र पशुपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्नु, बजेटको मुख्य उद्देश्य रहेको छ।

**सभाध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनबाट हुने उपलब्धिलाई छोटकरीमा प्रस्तुत गर्दछु।**

१६ व्यवसायिक रुपमा कृषि तथा पशुपालक कृषकहरुको संख्यामा वृद्धि भई कृषि उत्पादनमा आत्मनिर्भरता हुनेछ।

१७ स्वास्थ्य सेवामा नागरिकहरुको विश्वास बढ्नेछ

१८ शैक्षिक क्षेत्रको गुणस्तरमा थप सुधार आउनेछ

१९ सडक सञ्जालको स्तरोन्नति हुनेछ।

२० स्थानीय बासिन्दाहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन हुनेछ।

२१ समृद्ध पैयूँका लागि स्थानीय जनताको रचनात्मक सहयोग र सहभागिता वृद्धि भई समग्र गाउँपालिकाको आर्थिक, सामाजिक र सांस्कृतिक स्वरुप समुन्नत हुने दिशातर्फ उन्मुख हुनेछ।

**सभाध्यक्षज्यू,**

२२ आगामी आर्थिक वर्ष ०८२/०८३ का लागि बनेको नीति तथा कार्यक्रमले लक्षित गरेका क्षेत्रहरुलाई प्राथमिकतामा राखी निम्नानुसारका योजनाहरुमा बजेट विनियोजन गरेको छु ।

२३ **कृषि क्षेत्रमा** उत्पादन तथा उत्पादकत्व वृद्धि, उत्पादनमा आधारित प्रोत्साहन, चिस्यान केन्द्र व्यवस्थापन लगायतका कार्यक्रममा रु.३८ लाख साथै पशुपालन प्रवर्द्धन र पशु स्वास्थ्य सेवाका लागि रु.१५ लाख विनियोजन गरेको छु।

२४ **स्वास्थ्य सेवाका** लागि गाउँपालिकाको तर्फबाट रु.७५ लाख ६५ हजार विनियोजन गरेको छु जस मध्ये पैयूँ आधारभूत अस्पतालमा फार्मेसी सञ्चालनका लागि १५ लाख बजेट व्यवस्था गरेको छु भने विद्यार्थी स्वास्थ्य परिक्षण शिविर र उपाध्यक्षसँग सुत्केरी भेटघाट कार्यक्रमको लागि ७ लाख, अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण शिविर कार्यक्रमको लागि रु.३ लाख र सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवाको लागि रु.२ लाख विनियोजन गरेको छु।

२५ पैयूँ आभारभूत अस्पतालमा अत्याधुनिक ल्याव सेवा विस्तारको लागि रु.८ लाख विनियोजन गरेको छु।

२६ **शिक्षा तर्फ** गाउँपालिकाबाट रु.१ करोड २९ लाख ५२ हजार विनियोजन गरेको छु।

२७ प्रारम्भिक बालविकास केन्द्रका कर्मचारीहरु, सहयोगीहरु तलव थप र क्याम्पस सञ्चालन र व्यवस्थापन अनुदानको लागि रु.५० लाख विनियोजन गरेको छु।

२८ गाउँपालिकामा सञ्चालित पैयूँ वहुमुखी क्याम्पस र हुवास वहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि तथा पूर्वाधार स्तरोन्नतिका लगि अनुदानका रुपमा उपलब्ध गराउनका लागि रु.१० लाख बजेट विनियोजन गरेको छु।

२९ युवा पुस्ता तथा विद्यार्थिहरुको खेलकुद प्रतिको चासोलाई सम्बोधन गर्दै अन्तर वडा र अन्तर विद्यालय खेलकुद सञ्चालन गर्न अध्यक्षकप खेलकुद प्रतियोगिताको लागि रु.८ लाख विनियोजन गरेको छु।

३० **महिला बालबालिका तथा जेष्ठ नागरिक शाखातर्फ** कुल रु.१४ लाख ८० हजार विनियोजन गरेको छु।

३१ फरक क्षमता भएका व्यक्ती र विपन्न व्यक्तिहरुको लागि स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्न रु.४ लाख विनियोजन गरेको छु ।

३२ स्थानीय न्यायिक समितिबाट निष्पक्ष र प्रभावकारी रुपमा सेवा प्रदान भइरहेको छ।यस सेवालाई अझै प्रभावकारी रुपमा अगाडि बढाउन स्थानीय मेलमिलाप कर्तालाई क्षमता विकास लगायतका कार्यक्रम सञ्चालन गर्न रु.५ लाख विनियोजन गरेको छु।

३३ **पूर्वाधार विकास तथा गाउँपालिका स्तरीय** कार्यक्रमको लागि रु.४ करोड २१ लाख ७२ हजार विनियोजन गरेको छु ।

३४ वडास्तरीय योजना तथा कार्यक्रमका लागि रु.३ करोड १ लाख विनियोजन गरेको छु ।

३५ भौतिक पूर्वाधार लगायत अन्य क्षेत्रको तत्कालको आवस्यकतामा आधारित योजना कार्यान्वयनका लागि रु.८० लाख विनियोजन गरेको छु ।

३६ उज्यालो पैयूँ अभियन अन्तर्गत गाउँपालिका भित्र रहेका सडकहरुमा सडक वत्ति विस्तारको लागि रु.१० लाख विनियोजन गरेको छु।

३७ गाउँपालिका क्षेत्र भित्र हुने आकस्मिक घटनाको उद्दारमा सहजता ल्याउन हेलिकप्टर ल्याण्डिङको लागि हेलिप्याड निर्माण गर्न रु.२ लाख विनियोजन गरेको छु।

३८ पैयूँ आधारभुत अस्पताल देखि गाउँपालिकाको प्राशासकीय भवन सम्म जाने सडकलाई गाउँपालिको नमुना सडकको रुपमा विस्तार गर्न संघीय समपुरक साझेदारीमा थप रु.५० लाख विनियोजन गरेको छु।

३९ गाउँपालिकामा पर्न सक्ने विपद्जन्य समस्याको निवारण गर्न विपद् व्यवस्थापन कोषमा रु.५० लाख विनियोजन गरेको छु।

४० विद्युत समस्या समाधानको लागि रु.३३ लाख विनियोजन गरेको छु।

४१ संघ तथा प्रदेश समपूरक योजनाका लागि रु.१ करोड ४१ लाख विनियोजन गरेको छु ।

४२ विपन्न, आर्थिक अवस्था कमजोर नागरिक तथा एकल महिलाको रोजगारी सिर्जनाका लागि रु.२२ लाख ७२ हजार विनियोजन गरेको छु।

४३ संस्थागत विकास तर्फ रु.१२ लाख ५० हजार विनियोजन गरेको छु।

४४ गाउँपालिका तथा वडा कार्यालयको चालू खर्च तर्फ समग्रमा रु.७ करोड विनियोजन गरेको छु।

४५ संघ तथा प्रदेश सरकारबाट हस्तान्तरण भई आएका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

४६ माथि उल्लिखित लगायतका आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको सम्पूर्ण विवरण अनुसूचीहरुमा समावेश गरेको छु।

**सभाध्यक्षज्यू,**

४७ अब म आर्थिक वर्ष ०८२/८३ का लागि पैयूँ गाउँपालिकाको अनुमानित आय व्ययको विवरण पेस गर्ने अनुमति चाहन्छु।

४८ यस गाउँपालिकाका लागि आ.व.०८२/८३ का लागि जम्मा रु.४० करोड ६३ लाख १९ हजार अनुमानित आय पेस गरेको छु।

४९ जसमध्ये सघंतर्फ वित्तीय समानीकरण अनुदानतर्फ रु.७ करोड ९२ लाख, सशर्त अनुदानतर्फ रु.२१ करोड, समपूरक अनुदानतर्फ रु.८१ लाख, विशेष अनुदानतर्फ रु.६९ लाख र राजश्व बाँडफाँड तर्फ रु.६ करोड ३६ लाख ८६ हजार १ सय २७ रहेको छ ।

५० प्रदेशतर्फ समानीकरण अनुदानतर्फ रु.९७ लाख २४ हजार, विशेष अनुदानतर्फ रु.४० लाख, समपुरक अनुदानतर्फ रु.६० लाख र राजश्व बाँडफाँड तर्फ रु.६३ लाख ९२ हजार रहेको छ

५१ आन्तरिक आम्दानीतर्फ रु.६० लाख, जनसहभागितातर्फ रु.८ लाख र चालु वर्षमा रहने अनुमानित मौज्दाततर्फ रु.५५ लाख १६ हजार ८ सय ७३ रुपैयँ रहेको छ।

**सभाध्यक्षज्यू,**

५२ यसै गरी म अब यस गाउँपालिकाको आ.व.०८२/८३ का लागि जम्मा रु.४० करोड ६३ लाख १९ हजार अनुमानित व्यय पेस गरेको छु । जस मध्ये चालु

तर्फ रु ३० करोड ९९ लाख १५ हजार ८ सय  ८० रुपैयाँ (७६ प्रतिशत) र पूँजीगत तर्फ रु.९ करोड ६४ लाख ३ हजार १ सय २० रुपैयाँ (२४ प्रतिशत) रहेको छ।विनियोजन भएका योजना तथा कार्यक्रमहरु अनुसूचीमा उल्लेख गरिएको छ।

५३ स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिहरुलाई समुन्नत बनाउँदै आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रको तीव्र विकास गरी समृद्ध पैयूँको आधार; कृषि, प्रविधि र पूर्वाधार भन्ने दीर्घकालीन लक्ष्य पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु।

५४ बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट समृद्ध पैयूँ स्थापित भई पैयूँबासीमा खुसी प्राप्ति हुँदै जानेछ ।

५५ प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास गर्दछु।

५६ अन्त्यमा, पैयूँको विकासमा योगदान पुर्‍याउने स्थानीय राजनैतिक दलहरु, निजी क्षेत्र र सहकारी क्षेत्रहरुप्रति आभार प्रकट गर्दछु। आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्नुहुने राष्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजीवी, स्थानीय नागरिक समाज, बुद्धिजीवी, पत्रकार/सञ्चारकर्मी तथा पैयूँबासी जनतालाई धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद ।

आषाढ ९,२०८२

यामकुमारी राना

उपाध्यक्ष